ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

प. सं. २०८२/८३
च.नं./क.सं./ १६५

मितिः-२०८३/०३/३१

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं ।

विषयः- वार्षिक साधारण सभा सम्पन्न भएको जानकारी सम्वन्धमा ।

महाशय,
यस संस्थाको मिति २०८३/०२/०३ गते बसेको सञ्चालक समितिको १७ औं बैठकको निर्णयानुसार साविकको समाज लघुवित्त वित्तीय संस्थासँग भएको मर्जर पश्चातको आ.व.२०८१/८२ को प्रथम वार्षिक साधारण सभा मिति २०८३ असार १४ गते आइतबार, तदनुसार जुन २८, २०२६ का दिन बिहान ११:०० बजे सिद्धार्थ कटेज रेष्टुरेन्ट, मिलन चोक, बुटवल-९, रुपन्देहीको सभाहलमा भौतिक उपस्थिति र विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सम्पन्न भएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु ।

संलग्न:
१. वार्षिक साधारण सभाको माइनुट (पेज संख्या-११)
२. आ.व.२०८१/८२ को वार्षिक प्रतिवेदन थान-१

भवदीय,

(श्याम कुमार कटुवाल)
कम्पनी सचिव

बोधार्थ
१. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था
नियमन विभाग, केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग,
केन्द्रीय कार्यालय, बालुवाटार, काठमाडौं ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार-१५, ललितपुर ।
४. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौं ।
५. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतली सडक, काठमाडौं ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

प्रधान कार्यालय, बुटवल

प्रथम वार्षिक साधारण सभाको निर्णय तथा कार्यवाही विवरण

१. वैधानिक सभा:

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८३/०२/०३ गते बसेको सञ्चालक समितिको १७ औं बैठकको निर्णयानुसार आह्वान गरिएको साविकको समाज लघुवित्त वित्तीय संस्थासँग भएको मर्जरपछिको संस्थाको प्रथम वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री भरतराज कोइरालाको अध्यक्षतामा कम्पनी ऐन, २०६३ अनुसार मिति २०८३ असार १४ गते आइतबार विधिपूर्वक सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**

मिति : २०८३ असार १४ गते आइतवार (तदनुसार जुन २८, २०२६)

समय : विहान ११:०० बजे ।

स्थान : सिद्धार्थ कटेज रेष्टुरेन्ट, मिलन चोक, बुटवल- ९, रुपन्देही ।

साधारण सभा भौतिक उपस्थिति तथा विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सञ्चालन भएको ।

३. **सभाको सूचना प्रकाशन :**

३.१. मिति २०८३/०२/०३ गते बसेको सञ्चालक समितिको १७ औं बैठकको निर्णयानुसार संस्थाको प्रथम वार्षिक साधारण सभा २०८३ असार १४ गते आइतबार बोलाउने निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा संस्थाको नियमावलीको नियम ४ बमोजिम साधारण सभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरु खुलाई मिति २०८३/०२/०८ गते गोरखापत्रमा प्रथम पटक र मिति २०८३/०२/२० गते गोरखापत्रमा दोस्रो पटक प्रकाशन गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभाबारे विस्तृत जानकारी गराइएको थियो । साथै उक्त सूचना संस्थाको वेबसाइट www.gblbs.com.np मा समेत राखिएको थियो ।

३.२. उल्लेखित साधारण सभाको सूचनाको साथै सञ्चालक समितिको प्रतिवेदन, आ.व.२०८१/८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो सम्बन्धी अनुसूची सहितको पुस्तिका शेयरधनी महानुभावहरुको जानकारीका लागि मिति २०८३/०२/२५ गते संस्थाको Website www.gblbs.com.np मा समेत राखिएको व्यहोरा सभामा जानकारी गराइयो ।

४. **छलफलका विषयसूचीहरु:**

(क) **साधारण प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/८२ को संस्थाको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्बन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने । साथै यसै वार्षिक प्रतिवेदनको खण्ड (ख) मा रहेको साविक समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको मर्जर पूर्वको संलग्न आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्बन्धित अनुसूचीहरू समेत पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आ.व. २०८२/८३ अवधिको र साविक समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०८२/८३, (२०८२ साउन १ गते देखि २०८२ कार्तिक ०१ गतेसम्म) मर्जर पूर्वको समेत वाह्य लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक समूह (क) को (आ) बैंक तथा वित्तीय संस्थाहरु, कम्पनी, संस्था र शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधित्व हुने गरी निर्वाचित कम्तिमा १ (एक) जना महिला सहित ३ (तीन) जना सञ्चालक चयन गर्ने ।

५. सर्वसाधारण समूह (ख) का शेयरधनीहरुबाट निर्वाचित हुने २ (दुई) जना सञ्चालक चयन गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था र अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि मर्जर समिति गठन गर्ने, उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने एवं अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यहरुसँग सम्वन्धित आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

२. नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशन लगायत अन्य कारणबाट संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्नुपर्ने अवस्था भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध:

५. कार्यक्रम संचालन :

वार्षिक साधारण सभाको कार्यक्रम संचालन कम्पनी सचिव श्री श्याम कुमार कटुवालले गर्नुभयो ।

६. आसन ग्रहण :

वार्षिक साधारण सभामा संचालक समितिका अध्यक्ष, संचालकहरु एवम् नेपाल सरकारका प्रतिनिधि, तथा शेयरधनी बैंक तथा कम्पनीका प्रतिनिधिहरू र संचालक समितिका पूर्व अध्यक्षलाई आसन ग्रहण गराइयो।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. प्रधान कार्यालय बुटवल २०६२

७. सभाको अध्यक्षता :

कम्पनी ऐन, २०६३ को दफा ७४(१) तथा यस कम्पनीको नियमावलीको नियम ६(१) बमोजिम वार्षिक साधारण सभाको अध्यक्षता संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री भरतराज कोइरालाले गर्नु भई सभाको काम कारवाही अगाडि बढाउन कम्पनी सचिव श्री श्याम कुमार कटुवाललाई अनुमति प्रदान गर्नुभयो ।

८. गणपुरक संख्या :

कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा यस कम्पनीको नियमावलीको नियम ५(१) बमोजिम साधारणसभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरधनीहरुको उपस्थिति हुनु पर्नेमा यस सभामा कुल शेयर संख्याको ६७.०७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी २५९७ जना शेयरधनी तथा शेयरधनी संस्थाका प्रतिनिधिहरुको उपस्थित रहन गई सभाको गणपुरक संख्या पुगेकोले सभाले वैधानिकता प्राप्त गरेको व्यहोरा कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो ।

९. सभाको शुभारम्भः

सञ्चालक समितिका अध्यक्ष श्री भरतराज कोइरालाले पानसमा दीप प्रज्वलन गरी वार्षिक साधारण सभाको शुभारम्भ गर्नुभयो ।

१०. स्वागत मन्तव्यः

प्रथम वार्षिक साधारण सभामा सहभागी शेयरधनी लगायत सम्पूर्ण महानुभावहरुलाई प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवालले स्वागत गर्नुभयो ।

११. उपस्थिति :

११.१ सञ्चालकहरु (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार):

क.सं	नाम थर	पद	उपस्थित
१	श्री भरतराज कोइराला	अध्यक्ष	भौतिक रुपमा उपस्थित
२	श्री अर्जुन बहादुर कंडेल	सञ्चालक	भौतिक रुपमा उपस्थित
३	श्री प्रेमराज पोखेल	सञ्चालक	भौतिक रुपमा उपस्थित
४	श्री मनोज कुमार खडका	सञ्चालक	भौतिक रुपमा उपस्थित
५	श्री नवराज ढकाल	सञ्चालक	भौतिक रुपमा उपस्थित
६	श्री ऋपिराम पाण्डे	स्वतन्त्र सञ्चालक	भौतिक रुपमा उपस्थित
७	श्री सरोज कुमार महतो	सञ्चालक	भौतिक रुपमा उपस्थित

११.२ संस्थाका पदाधिकारीको उपस्थिति : श्री श्याम कुमार कटुवाल प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव, विभागीय प्रमुखहरु तथा अन्य कर्मचारीहरु ।

११.३ साधारण सभामा संस्थापक शेयरधनीको रुपमा विभिन्न बैंक तथा वित्तीय संस्था /कम्पनीहरुबाट प्रतिनिधित्व गरी देहायका संस्थापक शेयरधनी तथा प्रतिनिधिहरुको उपस्थिति रह्यो ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. प्रधान कार्यालय बुटवल

क्र.सं.	नाम	संस्थापक/ सर्वसाधारण	प्रतिनिधित्व	कैफियत
१	श्री चिरन्जीबी बस्याल	संस्थापक	नेपाल सरकार, आन्तरिक राजश्व कार्यालय, बुटवल, कर अधिकृत	भौतिक उपस्थित
२	श्री यज्ञ मुर्ति बस्याल	संस्थापक	नेपाल बैंक लिमिटेड	भौतिक उपस्थित
३	श्री गणेश चन्द्र पौडेल	संस्थापक	राष्ट्रिय वाणिज्य बैंक लि.	भौतिक उपस्थित
४	श्री सुमन श्रेष्ठ	संस्थापक	हिमालयन बैंक लिमिटेड	भौतिक उपस्थित
५	श्री गोपी पाण्डे	संस्थापक	नबिल बैंक लिमिटेड	भौतिक उपस्थित
६	श्री सुवास नेपाल	संस्थापक	नेपाल एस.वि.आई बैंक लि.	भौतिक उपस्थित
७.	श्री माधव रिजाल	संस्थापक	कृषि विकास बैंक लि.	भौतिक उपस्थित
८	श्री गया प्रसाद श्रेष्ठ	संस्थापक	पिपुल्स इनभेष्टमेण्ट कम्पनी लि.	भौतिक उपस्थित
९	श्री यमलाल रिजाल	संस्थापक	लागत इनभेष्टमेण्ट कम्पनी लि.	भौतिक उपस्थित

११.४ अन्य प्रतिनिधित्व

क्र.सं.	नाम	विवरण	प्रतिनिधित्व	कैफियत
१	सिए. प्रविन राज काफ्ले	बाह्य लेखापरीक्षक	पि.आर.के.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्, काठमाडौं	ZOOM बाट सहभागी
२	श्री श्याम बहादुर रावल	शेयर रजिष्ट्रार	प्रभु क्यापिटल लि.	भौतिक उपस्थित
३	श्री मन्जुसा श्रेष्ठ	शेयर रजिष्ट्रार	प्रभु क्यापिटल लि.	भौतिक उपस्थित

१२. शेयरधनीहरुको उपस्थिति :

साधारण सभामा उपस्थित हुन पाउने संस्थापक शेयरधनी संख्या २५०५१ र सर्वसाधारण शेयरधनी संख्या ७६२२९गरी जम्मा कुल शेयरधनी संख्या १०१२८० जना रहेकोमा सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

(क) संस्थापक समूह (क) प्रतिनिधि (प्रोक्सी) नियुक्त हुने शेयरधनी १८२७ जनाको २,८९,५८८ शेयर कित्ता र स्वयम् उपस्थित ४५ जनाको ५७,०१,२३९ शेयर कित्ता गरी जम्मा उपस्थित १८७२ जना शेयरधनीको ५९,९०,८२७ शेयर कित्ता रहेको ।

(ख) सर्वसाधारण समूह (ख) प्रतिनिधि (प्रोक्सी) नियुक्त हुने शेयरधनी ७१८ जनाको ७,४९,७२८ शेयर कित्ता र स्वयम् उपस्थित ७ जनाको २,५५५ शेयर कित्ता गरी जम्मा उपस्थित ७२५ जना शेयरधनीको ७,५२,२८३ शेयर कित्ता रहेको ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. प्रधान कार्यालय बुटवल २०६२

बिक्री भएको कुल शेयर संख्या (कित्ता)	शेयर संख्या (संस्थापक समूह (क)	शेयर संख्या (सर्वसाधारण समूह (ख)	उपस्थित शेयर संख्या (क)	उपस्थित शेयर संख्या (ख)	कुल जम्मा (क) र ख)	उपस्थित शेयर संख्याको प्रतिशत
१,००,५३,५००	६९,९८,७०६	३०,५४,७९४	जम्मा १८७२ जना शेयरधनी/ प्रतिनिधि शेयर कित्ता ५९,९०,८२७	जम्मा ७२५ जना शेयरधनी /प्रतिनिधि शेयर कित्ता ७,५२,२८३	कुल जम्मा २५९७ जना शेयर संख्या ६७,४३,११०	६७.०७ प्रतिशत

१३. **वार्षिक प्रतिवेदन प्रस्तुती :**

वार्षिक साधारण सभाका सभापति तथा सञ्चालक समितिका अध्यक्ष श्री भरतराज कोइरालाले आ.व. २०८१/८२ को लेखापरीक्षण भएको वित्तीय विवरण सहितको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत् गर्नुभयो । सो अवसरमा अध्यक्ष श्री कोइरालाले उपस्थित शेयरधनीहरु र संस्थाको काम कार्वाहिमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्ने नेपाल सरकार, नियमनकारी निकायहरु, बैंक तथा वित्तीय संस्था र अन्य संघ संस्था लगायत सम्पूर्ण शुभेच्छुकहरु प्रति आभार प्रकट गर्नुभयो ।

१४. **छलफलमा सहभागी शेयरधनीहरुबाट उठाइएका जिज्ञासाहरु :**

संचालक समितिका अध्यक्षले साधारण सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गरेपश्चात संस्थाको आ.व. २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासालात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र अनुसूचीहरु उपर आफनो जिज्ञासा, सुझाव र सल्लाहका लागि छलफलमा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अध्यक्षले अनुरोध गर्नु भएको थियो । तत्पश्चात ५ जना शेयरधनी महानुभावहरु छलफलमा सहभागी भई निम्नानुसारको टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।

१४.१. **श्री चन्द्र नारायण श्रेष्ठ (सर्वसाधारण शेयरधनी)** भक्तपुर, विद्युतीय/भर्चुअल/(Zoom) माध्यमबाट सहभागी

- ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको वार्षिक साधारण सभा आर्थिक वर्ष २०८२/८३ को असार मसान्तभित्र सम्पन्न गर्ने उद्देश्यका साथ आयोजना गरिएकोमा सञ्चालक समिति तथा व्यवस्थापनलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।
- समीक्षा अवधिमा वितरणयोग्य नाफा ऋणात्मक रहेकाले शेयरधनीलाई लाभांश वितरण गर्न सम्भव नभएको अवस्थामा आर्थिक वर्ष २०८२/८३ बाट संस्थाले पुनः लाभांश (डिभिडेण्ड तथा बोनस शेयर) वितरण गर्न सक्ने अवस्थामा पुग्ने विश्वास व्यक्त गर्दछु ।
- आर्थिक वर्ष २०८२/८३ देखि वित्तीय अवस्था थप सुदृढ बनाउँदै वितरणयोग्य नाफा वृद्धि गरी शेयरधनीलाई उचित प्रतिफल उपलब्ध गराउन सञ्चालक समिति, व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरूले दृढ प्रतिबद्धता व्यक्त गर्नु आवश्यक छ भन्ने मेरो विनम्र आग्रह छ ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. प्रधान कार्यालय बुटवल

अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा,

- प्रतिवेदनमा नियामकीय निकाय, कर नीति तथा बाह्य दबावका कारण बैंक तथा वित्तीय संस्थाले कठिनाइ भोग्नु परेको उल्लेख गरिएको छ । यी विषय यथार्थ भए पनि अबका दिनमा कसैमाथि दोष दिइरहनु भन्दा समाधानमुखी दृष्टिकोण अपनाउनु उपयुक्त हुनेछ ।
- संस्थाले सम्पूर्ण शाखा कार्यालयहरुमा Core Banking software जडान गरी कारोबारहरु Online system बाट गरी प्रविधिको क्षेत्रमा ठुलो फड्को मार्न सफल भएकोमा सञ्चालक समिति, व्यववस्थापन, लगायत सबै कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा IT को क्षेत्रमा संस्थाले सुधार गर्नु पर्ने काम धेरै बाँकी रहेको देखिन्छ ।
- कर्जा इम्पेयरमेन्ट सम्बन्धमा: केही व्यक्तिगत तथा संस्थागत ग्राहकहरूको कर्जा इम्पेयरमेन्ट सम्बन्धी विषय शेयरधनीहरूले उठाउँदै आएका छन् । वार्षिक प्रतिवेदनमा यस सम्बन्धी विवरण समावेश गरिएकोमा धन्यवाद व्यक्त गर्दछु । भविष्यमा अझ स्पष्ट र विस्तृत खुलासा गरिए शेयरधनीहरूको विश्वास थप मजबुत हुनेछ ।
- प्रतिफल (ROE) सम्बन्धमा: समग्र लघुवित्त क्षेत्रमा Equity मा प्रतिफल ROE उल्लेखनीय रूपमा घटेको देखिन्छ । सामान्यतया न्यूनतम १० प्रतिशत र उत्कृष्ट संस्थाका लागि बेन्चमार्क २० प्रतिशतभन्दा माथिको ROE लाई मापदण्ड मानिन्छ । त्यसैले संस्थाले ROE सुधारलाई रणनीतिक प्राथमिकतामा राख्न आवश्यक छ ।
- पाँच वर्षको वित्तीय सूचकाङ्क (Five-Year At a Glance) सम्बन्धमा: वार्षिक प्रतिवेदनमा विगत पाँच वर्षका प्रमुख वित्तीय तथा सञ्चालन सूचकाङ्कहरू Indicator एकै पृष्ठमा "At a Glance" of the Company शीर्षक अन्तर्गत समावेश गरिदिन अनुरोध गर्दछु । यसबाट शेयरधनीहरूलाई संस्थाको प्रगति सहजरुपमा मूल्याङ्कन गर्न सहयोग पुग्नेछ ।
- संस्थाको नाममा विभिन्न स्थानहरुमा रहेका जग्गाहरुको हाल सम्म Book Value मा लेखाङ्कन गरिएकोमा उक्त जग्गाहरुको Fair Market Value मा valuation गरी बृद्धि हुन आउने रकमलाई Reserve मा राखेर वासलात बलियो बनाउन सुझाव राख्दछु ।
- कार्यक्रम नपुगेका दुरदराजका स्थानहरुमा संस्थाको कार्यक्रमहरु विस्तार गर्नुपर्ने देखिन्छ ।
- अन्य धेरै लघुवित्त वित्तीय संस्थाहरुले शेयरधनीहरुलाई लाभांश वितरण गरिरहेकोले ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाले पनि आगामी आर्थिक वर्षमा शेयरधनीहरुलाई लाभांश वितरण गर्नका लागि संस्थाका गतिविधि र कार्यक्रमहरुलाई थप सुदृढ गरी लैजान सुझाव गर्दछु ।

१४.२. **श्री सरस्वती न्यौपाने (संस्थाका शेयर सदस्य)** साधारण सभामा स्वयम् उपस्थित् भई निम्नानुसारको टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।

- ग्रामीण क्षेत्रमा बसोबास गर्ने आयस्तर न्यून र वित्तीय ज्ञान कम भएका विपन्न वर्गका नागरिकहरुको विकासको लागि राज्यले जुन उद्देश्यका साथ यस संस्थाको स्थापना गरेको थियो, सोही उद्देश्यमा केन्द्रित रही यस संस्थाले गर्दै आइरहेको कार्य अनुकरणीय रहेको छ ।
- संस्था हालसम्म सञ्चित नोक्सानीमा रहेको अवस्थामा प्रधान कार्यालयको लागि जग्गा/भवन किन्ने योजना उपयुक्त नहुने हुँदा संस्थालाई सञ्चित मुनाफाको अवस्थामा पुऱ्याई शेयरधनीहरुलाई प्रति वर्ष उचित लाभांश वितरण गरेपछिका वर्षहरुमा मात्र प्रधान कार्यालयको लागि जग्गा/भवन किन्ने योजना गर्न उपयुक्त हुनेछ ।

- संस्थामा आवद्ध महिला ग्राहक सदस्यहरुको बचत रकम काटेर शेयरमा लगानी गरियो । तर शेयरधनीहरूले साविकका पाँचवटा ग्रामीण विकास बैंकहरु मर्जर भएपश्चात हालसम्म लाभांश पाउन सकेका छैनौ । यसतर्फ सञ्चालक समिति र व्यवस्थापनको ध्यान पुग्नु पर्ने देखिन्छ ।
- संस्थामा लामो समयसम्म नियमित बचत तथा ऋण कारोवार गरेका उत्कृष्ट ग्राहक सदस्यहरुलाई संस्थाको वार्षिकोत्सवको अवसरमा पुरष्कृत गर्ने कार्य अत्यन्त सराहानिय भए तापनि यस्तो कार्यलाई पारदर्शी, विश्वासनीय र स्वीकार योग्य बनाउन सुझाव गरिन्छ ।
- शेयर बिक्री गर्न चाहने ग्राहक सदस्य शेयरधनीहरुको शेयर बिक्रीका लागि आवश्यक प्रकृयाका लागि सहजीकरण गरिदिनु पर्ने ।
- ग्राहक सदस्यहरुलाई जस्तै उत्कृष्ट कार्य सम्पादन भएका कर्मचारीहरुलाई समेत वार्षिकोत्सवको अवसरमा पुस्कृत गर्न सुझाव रहेको छ । जसले गर्दा कर्मचारीहरु कार्यप्रति स्व-उत्प्रेरित भई आम कर्मचारीको उत्पादकत्व बृद्धि हुन जाने देखिन्छ ।
- खराव ऋणीहरुलाई ब्याज रकम छुट दिएर मात्र त्यस्ता कर्जाहरु असुली हुन नसकेको अवस्थामा खराव वर्गमा रही असुली हुन नसकेका खराव कर्जाहरु असुलीका लागि उच्च व्यवस्थापनबाट समेत आवश्यक पहल गर्न सुझाव रहेको छ ।
- कर्जा लगानी पश्चात हुने परियोजना निरीक्षण र अनुगमन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनु पर्ने ।
- ग्राहक सदस्यहरुको आवश्यकता बमोजिम नियमित रुपमा उपयुक्त सिपमुलक र व्यावसायिक तालिमहरु प्रदान गर्न आवश्यक रहेको छ ।
- कर्जा लगानी प्रकृयालाई समय सापेक्ष सुधार गर्दै अझ सरल, सहज, छिटो छरितो र व्यवस्थित गर्न सुझाव रहेको छ ।

१४.३. श्री लिला थापा (**संस्थाका शेयर सदस्य**) साधारण सभामा स्वयम् उपस्थित् भई निम्नानुसारको टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।

- महिला शेयरधनीहरुलाई साधारण सभा सम्वन्धी सुचनाको जानकारी केन्द्र बैठकमा दिनुपर्ने । शेयरधनीहरुले साधारण सभा सम्वन्धी सूचनाको जानकारी नपाएको कारण साधारण सभामा महिला शेयरधनीहरुको उपस्थिति अत्यन्त न्यून रहेको देखियो ।
- सवै ग्रामीण महिला शेयरधनीहरु सूचना प्रविधिसँग अभ्यस्त नभएकोले महिलाहरुले वेभसाइटमा रहेको सूचना हेरेर साधारण सभामा आउन सक्दैनन् । त्यस्ता शेयरधनीलाई टेलिफोन वा पत्र मार्फत साधारण सभा सम्वन्धी सूचनाको जानकारी दिई साधारण सभामा महिला शेयरधनीहरुको उपस्थिति बढाउन सुझाव दिन्छु ।

१४.४. श्री मिना ढकाल (**संस्थाका शेयर सदस्य**) साधारण सभामा स्वयम् उपस्थित् भई निम्नानुसारको टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।

- विगतमा पश्चिमाञ्चल ग्रामीण विकास बैंक लि. ले शेयरधनीहरुलाई राम्रो प्रतिफल दिइरहेकोमा पाँचवटा ग्रामीण विकास बैंकहरु मर्ज भएपछि लामो समयसम्म पनि लाभांश वितरण गर्न नसकेकोले सञ्चालक समिति र उच्च व्यवस्थापन यस प्रति संवेदनशिल हुनु पर्ने ।
- महिला शेयरधनीहरुको सूचना प्रविधिमा पहुँच नभएकोले उनिहरुलाई साधारण सभाको सूचना भौतिकरुमा दिई साधारण सभामा उपस्थित हुने व्यवस्था सुनिश्चित गरिनु पर्ने ।

१४.५. **श्री सुमित्रा जैसी भण्डारी क्षेत्री (संस्थाका शेयर सदस्य)** साधारण सभामा स्वयम् उपस्थित् भई निम्नानुसारको टिप्पणी, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नुभयो ।

- शेयर बिक्रीका लागि भएको नीति नियमहरुलाई सरल सहज र पहुँचयोग्य बनाइनु पर्ने ।
- वेभसाइटमा भएका साधारण सभाको सुचना हेर्न नसक्ने शेयरधनीहरुको लागि समेत सूचना दिने वैकल्पिक व्यवस्था अपनाउन सुझाव दिन चाहन्छु ।
- कर्मचारीहरुले राम्रो व्यवहार गरी सजिलो तरिकाले काम गरिदिनु भएको छ । यसका लागि म धन्यवाद दिन चाहन्छु ।

शेयरधनीहरुको जिज्ञासाको जवाफ :

१५. अध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवालले शेयरधनी महानुभावहरुबाट आएका जिज्ञासा एवम् महत्वपूर्ण सुझावहरु उपरको जवाफ दिने क्रममा देहाय बमोजिमका प्रमुख बुँदाहरु उल्लेख गर्नुभयो ।

- ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले सम्पूर्ण शेयरधनीहरुको हितलाई ध्यानमा राखेर कार्य गर्दै अगाडि बढी रहेको बताउनु भयो ।
- शेयरधनीहरुले लगानीको उचित प्रतिफल प्राप्त गर्नु पर्दछ भन्ने विषयमा सञ्चालक समिति र व्यवस्थापन सदैव सकारात्मक रहेको छ । तथापि वर्तमान समयमा संस्थाले वहन गर्नु परेका आन्तरिक र वाह्य चुनौतीहरुका कारण संस्थाले उल्लेख्य मुनाफा हासिल गर्न नसकेको हुँदा आगामी दिनमा शेयरधनीहरुलाई लगानीको उचित प्रतिफल दिन व्यवस्थापनले मितव्ययी ढंगले कार्य गर्दै जाने बताउनु भयो ।
- संस्थाले Core Banking software जडान गरी सम्पूर्ण कारोबारहरु Online system बाट गर्दै आएको छ । आगामी दिनमा प्रविधिको क्षेत्रमा देखा पर्ने अवसर र चुनौतिलाई मध्यनजर गर्दै संस्थाले IT को क्षेत्रमा थप काम गर्दै जानेछ ।
- ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने / गाभिने (मर्जर) सम्वन्धी प्रकृया सम्पन्न भएको र नेपाल राष्ट्र बैंकबाट संस्थाको कार्यक्षेत्र विस्तारका लागि स्वीकृति प्राप्त भएबमोजिम आवश्यक प्रकृया पुरा गरी तोकिएका स्थानहरुमा नयाँ शाखाहरु खोलिने र भविष्यमा कार्यक्रम नपुगेका दूरदराजका स्थानहरुमा थप शाखा कार्यालय स्थापना गरी कार्यक्षेत्र विस्तार गरिने बताउनु भयो ।
- वार्षिक साधारण सभा सम्वन्धी सूचना मिति २०८३ जेठ ८ र २० गते दुई पटक गोरखापत्रमा प्रकाशन गरिएको र संस्थाको वेभसाइटमा समेत उक्त सुचना अपलोड गरिएको साथै वार्षिक प्रतिवेदन समेत २०८३ जेठ २५ गते अपलोड गरिएको व्यहोरा जानकारी गराउँदछु । आगामी वर्षमा साधारण सभा सम्वन्धी सूचना सबैको सहजताका लागि स्थानीय एफएम तथा पत्रपत्रिकावाट समेत प्रशारण गरिनेछ ।
- शेयर बिक्री गर्न चाहने ग्राहक सदस्य शेयरधनीहरुको शेयर बिक्रीका लागि आवश्यक प्रकृया अगाडि बढाउन मिति २०८२ चैत्र ३ गते सञ्चालन तथा सुपरिवेक्षण कार्यालय मार्फत शेयर कारोबार रहेका सबै शाखा कार्यालयहरुमा पत्राचार गरिएको जानकारी गराउँदछु ।
- उत्कृष्ट ग्राहक सदस्यहरुलाई संस्थाको वार्षिकोत्सवको अवसरमा पुरष्कृत गर्ने कार्य संस्थाले प्रत्येक वर्ष गर्दै आइरहेको छ । आगामी वर्षमा त्यसलाई थप व्यवस्थित् गर्दै लगिने छ ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. प्रधान कार्यालय बुटवल

- संस्थाको उन्नति र प्रगतिका लागि तोकिएको लक्ष्य र जिम्मेवारी समयमा पुरा गर्न सञ्चालक समितिबाट मार्ग निर्देशन भएको हुँदा संस्थामा देखापरेका विभिन्न आन्तरिक तथा वाह्य चुनौतीहरुको बीचमा समेत व्यवस्थापनले प्रतिवद्ध भएर कार्य गरिरहेको बताउनु भयो ।

- शेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासा र सुझावहरुलाई सम्पत्तिको रुपमा ग्रहण गर्दै आगामी दिनमा ग्राहक, कर्मचारी र शेयरधनीहरूको हित संरक्षण हुने गरी कार्य गर्दै जाने विचार व्यक्त गर्नुभयो ।

१६ **छलफलको समाप्ति :**

शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवम् प्रश्नहरुको सम्वन्धमा अध्यक्ष श्री भरतराज कोइरालाको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवालले जवाफ दिएपश्चात शेयरधनीहरुबाट थप जिज्ञासा नआएकोले अध्यक्षले छलफलको क्रम समाप्त भएको जानकारी सभा समक्ष गराउनु भयो ।

१७. **पारित प्रस्तावहरु :**

वार्षिक साधारण सभामा पेश भएका पूर्व निर्धारित प्रस्तावहरु पारित गर्न अध्यक्ष श्री भरतराज कोइरालाले क्रमशः प्रस्तावहरू शेयरधनीहरु समक्ष प्रस्तुत गर्दा देहाय वमोजिम प्रस्तावहरू सर्वसम्मतिले पारित भयो ।

छलफलका विषयसूचीहरुः

(क) साधारण प्रस्तावः

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०८१/८२ को संस्थाको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्वन्धित अनुसूचीहरू र वार्षिक प्रतिवेदनको खण्ड (ख) मा रहेको साविक समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको मर्जर पूर्वको संलग्न आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू तथा सम्वन्धित अनुसूचीहरू छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

३. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आ.व. २०८२/८३ अवधिको र साविक समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०८२/८३, (२०८२ साउन १ गते देखि २०८२ कार्तिक ०१ गतेसम्म) मर्जर पूर्वको समेत बाह्य लेखापरीक्षण गर्न संस्थामा प्राप्त चारवटा कोटेशनहरु क्रमशः आर.पोखरेल एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट, मिनभवन-३१ काठमाडौं, पि.आर.के. एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट, वानेश्वर, काठमाडौं, एन वी रोकाया एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट, धापाखेल-२४, ललितपुर र एन.वि. एस. एम एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट, नक्साल, काठमाडौंले प्रस्ताव गरेको लेखापरीक्षण शुल्क तथा अन्य खर्च साधारण सभा समक्ष पेश भएकोमा अन्य फर्महरुको तुलनामा सबै भन्दा न्यूनतम लेखापरीक्षण शुल्क र अनुभव समेत रहेको लेखापरीक्षक आर.पोखरेल एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेण्ट, मिनभवन-३१ काठमाडौंलाई उल्लेखित अवधिसम्मको वाह्य लेखापरीक्षण, कर लेखापरीक्षण र लङ्गफर्म अडिट रिर्पोट तयार गर्न तथा कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण प्रमाणित गर्नका लागि मुल्य अभिवृद्धि कर वाहेक रु.७,५०,०००/- (अक्षरेपी सात लाख पचास हजार मात्र) पारिश्रमिक प्रदान गर्ने र अन्य खर्च (यातायात, आवास, खाना तथा नास्ता

खर्च) बापत एकमुष्ट रु. ३,२५,०००।- (अक्षरेपी तीन लाख पच्चिस हजार मात्र) प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(ख) **विशेष प्रस्ताव :**

१. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था र अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने (Merger) तथा प्राप्ति (Acquisition) गर्ने प्रयोजनका लागि मर्जर समिति गठन गर्ने, उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने र सो को आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने एवं अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यहरुसँग सम्बन्धित आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२. नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशन लगायत अन्य कारणबाट संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन परिमार्जन थपघट वा परिवर्तन गर्नुपर्ने अवस्था भएमा सोही बमोजिम संशोधन/परिमार्जन समेतका सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(ग) **विविधः** कुनै प्रस्ताव नरहेको ।

१८. धन्यवाद ज्ञापन

संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री भरतराज कोइरालाको अनुमतिमा सञ्चालक श्री नबराज ढकालले वार्षिक साधारण सभामा संस्थाको प्रगति र सफलताका लागि प्रत्यक्ष/परोक्ष रुपमा सहयोग, सल्लाह, सुझाव दिई आ-आफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको योगदानका लागि सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, सिडिएस एण्ड क्लियरिङ लि., लेखापरीक्षक, ग्राहक वर्ग, सञ्चालक समितिका सदस्यहरु, व्यवस्थापन लगायत कर्मचारी परिवार, पत्रकार, सम्पूर्ण शुभचिन्तक तथा सम्बद्ध सबै पक्षलाई सञ्चालक समितिको तर्फबाट आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्नुभयो ।

१९. सभाको समापन :

पूर्व निर्धारित बिषयसूचीहरु उपरको छलफलको क्रम समाप्त भएकोले सभाका अध्यक्ष श्री भरतराज कोइरालाले सभामा प्राप्त सुझावहरूलाई सम्पत्तिको रुपमा ग्रहण गरी संस्थाले समस्त ग्राहक, कर्मचारी र शेयरधनीहरुको अधिकतम हितलाई ध्यानमा राखेर अघि बढ्ने बचनबद्धता व्यक्त गर्दै यो वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

२०. निर्वाचन सम्बन्धी कार्यक्रमः

संस्थाको यस वार्षिक साधारण सभाको विषयसूची अन्तर्गत संस्थापक समूह (क) को (आ) बैंक तथा वित्तीय संस्थाहरु, कम्पनी, संस्था र शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधित्व हुने गरी निर्वाचित कम्तिमा १ (एक) जना महिला सहित ३ (तीन) जना सञ्चालक र सर्वसाधारण समूह (ख) का शेयरधनीहरुबाट निर्वाचित हुने २ (दुई)

जना सञ्चालक चयन गर्ने कार्यक्रम रहेकोले यस वार्षिक साधारण सभाको समापनपछि निर्वाचन सम्बन्धी कार्यक्रम शुरु गर्न कम्पनी सचिवले निर्वाचन अधिकृत अधिवक्ता श्री बाबुराम पाण्डेलाई अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृतले यस संस्थाको सञ्चालक निर्वाचन निर्देशिका २०७८ को दफा ९ बमोजिम मिति २०८३/०३/०७ गते प्रकाशित गरेको निर्वाचन कार्यक्रमको सूचना बमोजिम मिति २०८३/०३/१३ गते विहान ८:०० बजेदेखि ११:०० बजेसम्म उम्मेदवारको उम्मेदवारी दर्ता (मनोनयन) गर्ने कार्यक्रम रहेकोमा मनोनयन दर्ता गर्ने समय सीमाभित्र संस्थापक समूह (क) बाट ६ जना उम्मेदवार र सर्वसाधारण समूह (ख) बाट २ जना उम्मेदवारको मनोनयन दर्ता भई उम्मेदवारको प्रथम नामावली प्रकाशित गर्नुभयो । प्रकाशित प्रथम नामावली उपर कसैको दावी विरोध नपरेको र कुनै पनि उम्मेदवारले तोकिएको सिमाभित्र उम्मेदवारी फिर्ता नलिएको हुँदा मिति २०८३/०३/१३ गते दिउँसो ५:३० बजे उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन भएको जानकारी गराउनु भयो । यसरी अन्तिम नामावली प्रकाशन गर्ने क्रममा सर्वसाधारण समूह (ख) अन्तर्गत आवश्यक संख्या दुई जनाको मात्र मनोनयन दर्ता भएको हुँदा मनोनयन दर्ता गर्नु हुने डा. नहकुल के.सी. र प्रमोद ज्ञवाली निर्विरोध निर्वाचित भएको घोषण गर्नुभयो ।

संस्थापक समूह (क) को (आ) बैंक तथा वित्तीय संस्थाहरु, कम्पनी, संस्था र शेयर सदस्यहरुकोतर्फबाट प्रतिनिधित्व हुने गरी निर्वाचित कम्तिमा १ (एक) जना महिला सहित ३ (तीन) जना सञ्चालक चयन गर्नका लागि निर्वाचन कार्यक्रम अनुसार मिति २०८३/०३/१४ गते दिउँसो २:०० बजे देखि मतदान कार्यक्रम रहेकोमा सो बमोजिम आवश्यक प्रक्रियाहरु पूरा गरी निष्पक्ष र शान्तिपूर्ण तरिकाबाट मतदान कार्यक्रम सम्पन्न भयो । मतदान कार्यक्रम सम्पन्न भएपश्चात् सोही दिन दिउँसो सम्पन्न मतगणनाको अन्तिम परिणाम अनुसार वढी मत प्राप्त गर्नु भएका श्री राष्ट्रिय वाणिज्य बैङ्क, लागत इन्भेष्टमेन्ट प्रा.लि.का प्रतिनिधि श्री माणिकरत्न शाक्य र नेपाल बैङ्क लिमिटेडका प्रतिनिधि महिला उम्मेदवार श्री सचिता पराजुली सञ्चालक पदमा निर्वाचित भएको घोषणा गर्नुभयो । सो अवसरमा नवनियुक्त सञ्चालकहरुलाई निर्वाचन अधिकृतले सपथ ग्रहण गराउनुका साथै प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

अन्त्यमा नव निर्वाचित सञ्चालकहरुको तर्फबाट श्री माणिकरत्न शाक्यले निवर्तमान सञ्चालकहरुलाई मायाको चिनो प्रदान गर्दै निवर्तमान सञ्चालक समिति, निर्वाचन अधिकृत र साधारण सभा तथा निर्वाचन कार्यक्रम सफल बनाउन सहयोग पुर्‍याउने व्यवस्थापन टिम तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

श्याम कुमार कटुवाल (कम्पनी सचिव)		भरतराज कोइराला (अध्यक्ष)